*Unity Journal*
Vol.IV, 385-398, Feb 2023
Doi:https://doi.org/10.3126/unityj.v4i01.52263
Prithivi Narayan Shah Research Center
Directorate General of Military Training, Nepali Army
Kathmandu, Nepal.

# विश्वव्यापीकरण र यसका सुरक्षा चुनौती तथा निराकरणका उपायहरु

**भावना पौडेल***

**लेखसार**

सामान्यतः विश्वव्यापीकरण भन्नाले उत्पादन, पूँजी, प्रविधि, श्रम तथा संस्कृतिको विश्वस्तरमा हुने आवागमन वा एकीकरणलाई बुझिन्छ। वि.सं.२०४६ को राजनीतिक परिवर्तनपछि नेपालमा उदारीकरण, निजीकरण हुँदै विश्वव्यापीकरणको विकाससँगै सूचना तथा सञ्चार प्रविधिको सर्वसुलभताको फड्कोले आपराधिक दायरा दिनप्रतिदिन बढ्दै गएको छ। एक पक्षबाट हेर्दा विश्वव्यापीकरणमार्फत विश्व स्वतन्त्र अर्थतन्त्रले लाभान्वित भएको देखिन्छ भने अर्को पक्षबाट हेर्दा कृत्रिम बौद्धिकता ,साइबर सुरक्षा, संगठित अपराध, आतङ्कवादी गतिविधि, जलवायु परिवर्तन, वातावरणीय असन्तुलन  र शरणार्थी समस्याहरू पनि ज्यूँका त्यूँ छन्। जसले राष्ट्रिय सुरक्षालाई चुनौती दिएको पाइन्छ। मानवको बौद्धिक क्षमतामा ह्रास ल्याई मानवसभ्यताको विनाशतर्फ अभिप्रेरित भएको हुँदा सम्पूर्ण सुरक्षाका क्षेत्रमा प्रत्यक्ष तथा अप्रत्यक्ष असर पुग्न गएको विषयलाई गम्भीर रुपमा लिइनु पर्दछ। राष्ट्रिय सूचना प्रविधि नीति २०६७ ले सूचना प्रविधिको विकास र उच्चतम उपयोगको नीति लियो। विद्युतीय कारोबार ऐन २०६३ को विद्युतीय सूचना प्रयोगको अधिकारलाई राष्ट्रले आफ्ना प्रविधि सम्बन्धी नीतिनियमको पकड बलियो बनाई सुरक्षाका आयामलाई प्राथमिकता दिँदै चुनौती समाधान गर्न सक्दछ। यस लेखमा विश्वव्यापीकरणले कुनै पनि राष्ट्रिय तथा अन्तरराष्ट्रिय सुरक्षाको अवस्था कस्तो छ ? यसका चुनौतीहरू के के हुन्? जस्ता प्रश्नहरूमा केन्द्रित हुँदै विश्वव्यापीकरणले निम्त्याएका सुरक्षा चुनौतीहरू औंल्याई निराकरणका उपायहरूबीचको सम्बन्ध जस्ता विषयलाई मुख्य आधार बनाइएको छ। सामाग्रीहरूको संकलन गर्न प्राथमिक तथा द्वितीय स्रोत सामग्रीहरूलाई वर्णनात्मक, विश्लेषणात्मक शोधविधिको अवलम्बन गरी लेखलाई पूर्णता प्रदान गर्ने प्रयास गरिएको छ। नेपालले शान्तिपूर्ण आग्रहद्वारा विगत तथा वर्तमानमा विभिन्न सुरक्षासम्बन्धी आन्तरिक एवम् बाह्य समन्वय नीति अघि सार्दै आएको छ। अन्तमा विश्वव्यापीकरणले निम्त्याएका सुरक्षा चुनौतीहरू तथा निराकरणका उपायहरू सम्बन्धी प्रस्तुत लेखलाई गोरेटोमार्गका रुपमा लिन सकिन्छ।

**शब्दकुञ्जी** :  विश्वव्यापीकरण, कृत्रिम बौद्धिकता, आतङ्कवादी गतिविधि, विश्लेषणात्मक।

## विषय परिचय

सामान्यतः विश्वव्यापीकरण भन्नाले उत्पादन, पूँजी, प्रविधि, श्रम तथा संस्कृतिको विश्वस्तरमा हुने आवागमन वा एकीकरणलाई बुझिन्छ। व्यापक रुपमा विश्वव्यापीकरण भनेको भौगोलिक सीमाबाट मुक्त, आर्थिक, सामाजिक,

* Post Graduate in Finance, Nepal Commerce Campus
Email ID : poudelbhawana010@gmail.com

प्राविधिक एवम् मानवीय गतिविधिहरूको समग्रता हो । उत्पादन, पूँजी, श्रम तथा सस्कृतिको विश्वव्यापी रुपमा हुने स्वतन्त्र प्रवाह, आवागमन वा एकीकरणलाई विश्वव्यापीकरण (Globalization) भनिन्छ । वास्तवमा राज्यहरूलाई एउटै सञ्जालमा एकीकृत र अन्तरनिर्भर बनाउने प्रक्रिया हो यो । यसलाई संकुचित रुपमा राष्ट्रिय अर्थतन्त्रको अन्तरराष्ट्रियकरणका रुपमा समेत बुझ्न सकिन्छ । राष्ट्रहरूबिच पारस्परिक निर्भरता सहितको एकीकृत राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक प्रणालीको विकास, विस्तार एवम् प्रभाव नै विश्वव्यापीकरण हो । विश्वव्यापी सम्पर्क, आवतजावत र लेनदेनको अवस्था पनि हो विश्वव्यापीकरण । विश्वभरीको आर्थिक, वित्तीय, सामाजिक सांस्कृतिक, वातावरणीय र सञ्चार प्रणालीलाई एकीकरण गर्ने प्रक्रिया नै विश्वव्यापीकरण हो । राज्यको आन्तरिक र बाह्य आवश्यकता परिपूर्ति गर्न राज्यहरूबिचको अन्तरसम्बन्ध र अन्तर्निर्भरता हासिल गर्ने तरिका पनि हो विश्वव्यापीकरण । स्थानीय उत्पादनलाई विश्व बजारका उपभोक्ता समक्ष पुऱ्याउने र विश्व बजारका सकारात्मक प्रविधि एवम् वस्तु र सेवालाई स्थानीय स्तरसम्म उपलब्ध गराई विश्वव्यापी विकासको लाभ हासिल गर्ने कार्यका रुपमा समेत विश्वव्यापीकरणलाई बुझ्न सकिन्छ । विश्वव्यापीकरणले वस्तु, सेवा, पूँजी, प्रविधि, जनशक्ति लगायतलाई मुलुकको भौगोलिक सीमितताले रोक्न नहुने र ती विषयमा विश्वभर स्वतन्त्र प्रतिस्पर्धा गरिनुपर्ने कुरामा जोड दिन्छ (रेग्मी, २०७७, पृ.४५९) ।

यो विश्वमा रहेका सबै देश, क्षेत्र, जनताको चाहना हो ,समय र परिस्थितिको उपज हो । यो विश्वभर विभिन्न प्रकारका क्रियाकलापहरू, कार्यहरू, व्यवसायहरूका आधारमा एक आपसमा घनिष्ठ रुपमा सम्बन्धित हुँदै गएको मानव शरीरको रक्तसञ्चार प्रणालीसरह नै सबैतिर फैलिएर रहेको हुन्छ । विश्वव्यापीकरणको विकासबाट सबै राष्ट्रहरू प्रभावित भएका छन् र यसबाट अलग्गिएर बस्न सक्ने स्थिति देखिँदैन । यसलाई आत्मसात् गर्दै विश्वबजारमा प्रवेश गरेर त्यसबाट कसरी अत्यधिक फाइदा लिन सकिन्छ ? भन्ने सोच नै आज सबै राष्ट्रका सामु खडा भएको छ । यसैमा आधारित भएर विश्व बजारबाट फाइदा लिनुपर्दछ ( मैनाली, पौड्याल, २०७१, पृ.५३६) ।

विश्वव्यापीकरणलाई केही चिन्तकहरूले कमजोर देशहरूमाथि बलिया देशहरूको प्रभुत्वको रुपमा लिने गरेका छन् । दक्षिणमाथि उत्तरको प्रभाव, पूर्वमाथि पश्चिमको प्रभावको रुपमा पनि विश्वव्यापीकरणलाई लिइएको पाइन्छ । मलेसियाका पूर्व प्रधानमन्त्री डा. महाथिर मोहम्मदले विश्वव्यापीकरणलाई औपनिवेशिकताको पुनरागमनका रुपमा व्याख्या गरेका छन् । उनले आफ्नो पुस्तक Globalization and the New Realities मा विश्वव्यापीकरणलाई बलिया र ठूला देशहरूको एकाधिकारका रुपमा व्याख्या गरेका छन् (आचार्य, २०१५, पृ.७४० )।

राष्ट्रिय सुरक्षाको क्षेत्र सामान्य बुझाइभन्दा फराकिलो हुन्छ । राष्ट्रिय सुरक्षालाई राज्यको आन्तरिक तथा बाह्य चुनौतीलाई सामना गर्ने सम्पूर्ण सुरक्षाका रुपमा बुझ्नुपर्दछ । कुनै पनि राज्यका र त्यसका नागरिकहरूका लागि राष्ट्रिय सुरक्षा अत्यन्त संवेदनशील विषय हुन्छ किनभने प्रथमतः यसले बाह्य कारणबाट राष्ट्रिय सुरक्षामा खतरा आउँछ भन्ने बुझाउँछ । तसर्थ राष्ट्रिय सुरक्षाको अवधारणाले जुनसुकै सरकारलाई राष्ट्रिय सुरक्षाप्रतिको खतरा वा चुनौतीको पहिचान गर्न र सोको निराकरणका निम्ति कार्बाही गर्न एउटा बृहत् अधिकार क्षेत्र प्रदान गर्दछ (कर्ण, २०६६, पृ.२१३) ।

नेपाल भौगोलिक जातीय, भाषिक तथा धार्मिक विविधता र विशेषता भएको सुन्दर देश हो । देशको सार्वभौमसत्ता अखण्डता जोगाउने, राज्यभित्रका सबैलाई समान सुरक्षा प्रत्याभूति दिने, आर्थिक, सामाजिक, राजनीतिक, कूटनीतिक जस्ता सबै क्षेत्रलाई राष्ट्रिय सुरक्षाले समेटेको छ ।

*२०१० मा, ह्वाइट हाउसले एक राष्ट्रिय सुरक्षा रणनीतिमा समाहित विश्व दृष्टिकोण समावेश गऱ्यो जसले "सुरक्षा" लाई देशको चार दिगो राष्ट्रिय हितमध्ये एक भनेर चिनायो :*

Security: The security of the United States, its citizens, and U.S. allies and partners.

Prosperity: A strong, innovative, and growing U.S. economy in an open international economic system that promotes opportunity and prosperity.

Values: Respect for universal values at home and around the world.

International Order: An international order advanced by U.S. leadership that promotes peace, security and opportunity through stronger cooperation to meet global challenges. Each of these interests is inextricably linked to the others: no single interest can be pursued in isolation, but at the same time, positive action in one area will help advance all four (Prabhakaran, 2008).

राष्ट्रिय सुरक्षा नीतिको वर्तमान र भविष्यसँग घनिष्ट सम्बन्ध रहन्छ । यसले राज्यको हित र चासोलाई सम्बोधन गर्दै विद्यमान र सम्भावित खतरा एवम् अवसरलाई ध्यानमा राखी दिशा निर्देश गर्दछ । राष्ट्रिय सुरक्षा नीति राज्यको सुरक्षा सम्बन्धी मूल नीति भएकाले यसले रक्षा नीति र आन्तरिक सुरक्षा नीतिलाई निर्देशित गर्दछ ( राष्ट्रिय सुरक्षा नीति,२०७३) ।

## शोधप्रस्ताव

विश्वव्यापीकरण र राष्ट्रिय सुरक्षाका सैद्धान्तिक प्रसङ्गहरू एकअर्कामा असम्बन्धित भएतापनि यिनीहरूको व्यावहारिक प्रसङ्गहरूका गतिविधिहरूले समाज र राष्ट्रका बिचमा एक आपसमा अन्योन्याश्रित सम्बन्ध राख्ने गर्दछन् । विश्वव्यापीकरणको कारण वर्तमान समयमा सम्पूर्ण विश्व नै एक गाउँको रुपमा विकसित भइरहेको छ जसलाई बोलीचालीमा Global Village भनिन्छ । विश्वमा कुनै पनि देश सम्पूर्ण रुपमा आत्मनिर्भर रहेका छैनन् । सबै देशहरू कुनै न कुनै रुपमा एकअर्कासँग परनिर्भर रहेका छन् । जसले राष्ट्रिय सुरक्षाको क्षेत्रमा विभिन्न चुनौती र जोखिम निम्त्याएको छ ।

अत : यस लेखले सुरक्षाका विभिन्न समस्याहरूलाई सूक्ष्म तरिकाले केलाउने प्रयास गरेको छ, जुन निम्नानुसार छन् :

क. विश्वव्यापीकरण र सुरक्षाको विगत तथा वर्तमान स्थिति के छ ?

ख. विश्वव्यापीकरणका कारण राष्ट्रिय सुरक्षामा देखिएका चुनौती वा जोखिमहरू के के हुन् ?

ग. चुनौती समाधानका उपायहरू के के रहेका छन् ?

## अध्ययन विधिहरू

यस लेखको पृष्ठभूमिका रुपमा सैद्धान्तिक प्रारुप विश्लेषणलाई लिइएको छ। द्वितीय स्रोतमा आधारित यस अध्ययनमा विश्लेषणात्मक तथा वर्णनात्मक अध्ययन पद्धतिको प्रयोग भएको छ। यी सामग्रीहरूलाई ए.पि.ए. शैली/ढाँचा (Parenthetical Method) मा आबद्ध गर्दै व्याख्यात्मक/वर्णनात्मक विधिमा पूर्णता दिइएको छ। द्वितीयक स्रोतका रुपमा पुस्तकहरू, सरकारी नीति, जर्नल, इन्टरनेट स्रोत आदिको प्रयोग गरिएको छ। यस लेखलाई पूर्णता दिन निगमनात्मक विधि ( Deductive Method) को उपयोग गरिएको छ ।

**विश्वव्यापीकरणको स्वरुप**

विश्वव्यापीकरणको ठोस सुरुवात सन् १९६० को अन्त्यदेखि भएको मानिन्छ। तत्कालीन तेल संकटका कारण युरोपमा स्वतन्त्र बजारको अवधारणा अगाडि आयो। सन् १९७१ मा अमेरिकी डलरमा आएको गिरावटले विदेशी मुद्रा विनिमयको विषय अगाडि बढ्यो। सन् १९८० पछाडि यसले व्यापकता पायो र अन्तरराष्ट्रिय तथा बहुराष्ट्रिय व्यापार, विश्वव्यापी संयुक्त उपक्रम, श्रमिक एवं लगानीको अन्तरराष्ट्रियकरण जस्ता विषयको प्रयोग बढ्यो (रेग्मी,२०७७,पे.४६१)। यसरी वस्तु, सेवा, पूँजी, प्रविधि,उत्पादन, श्रम,जनशक्ति, संस्कृतिको संसारभर हुने विस्तार वा फैलावटले राज्यहरूका बीचमा रहेका भौगोलिक सिमाना र राज्य संरचनालाई समेत गौण बनाइदियो।

विश्वव्यापीकरण आफैमा सबै क्षेत्रमा समान रुपमा फाइदा दिने विषय होइन। यसलाई कुनस्तरमा कसरी कति उत्पादक हिसाबले उपयोग गर्न सकिएको छ ? त्यसैमा यो कति उत्पादन हुने हो ?निर्भर गर्दछ।

United Nations Social Institute for Research and Development ले विश्वव्यापीकरणका प्रभावहरूलाई मुख्यतः लोकतन्त्रको फैलावट, बजार संयन्त्रहरूको आधिपत्य, विश्व अर्थ व्यवस्थाको एकीकरण, उत्पादन प्रणाली र श्रम-बजारको प्रसार, प्राविधिक परिवर्तनको बृहत् गति, सञ्चार-क्रान्ति, उपभोक्तावादको विस्तारको रुपमा चर्चा गरेको पाइन्छ (आचार्य, २०१५, पृ.७४१)। सामाजिक र ऐतिहासिक रुपान्तरणलाई नै विश्वव्यापीकरणको सुरुवात मानिन्छ। खासगरी युरोपियन पुनर्जागरण पश्चात् युरोपको सामाजिक तथा ऐतिहासिक मान्यताहरूमा ठुला परिवर्तन भए। त्यहाँ पूँजीवादको विकास भयो र त्यसको असर वरपर प्रसार हुन थाल्यो। खासगरी सन् १८७० देखि सन् १९१३ को अवधिलाई विश्वभर फैलने कार्यको सुरुवाती अवस्था मानिन्छ। सन् १९१३ देखि सन् १९७३ सम्मको यस अवधिलाई विश्वव्यापीकरणको सुरुवाती चरण मानिन्छ जुन समयमा प्रथम र द्वितीय विश्व युद्धको नाममा विश्वव्यापी ध्रुवीकरण र लगत्तै विश्व संगठनहरूको स्थापनाको कार्य समेत भयो। आधुनिकीकरण पछि विश्वमा सन् १९८० को दशकमा उदारवादी अर्थव्यवस्थाको प्रादुर्भाव भयो। यसले विश्वभरी नै स्वतन्त्र रुपमा पूँजी, श्रम, बजार ज्ञान आदिको प्रसारको पक्ष लियो। सन् १९९० को दशकमा स्वतन्त्र व्यापारको अवधारणाले व्यापकता पायो। बहुराष्ट्रिय कम्पनीहरूको स्थापना र संचालन एवं पूँजीको प्रवाहमा वृद्धि भए तापनि श्रमिकको प्रवाहमा न्यूनता आयो। समग्रमा विश्वव्यापी रुपमा नव उदारवादी आधुनिक पूँजीवादको विकास भयो। केही समय विश्वव्यापीकरणलाई पाश्चात्यकरणको रुपमा समेत बुझ्न थालिएको थियो। अर्थात् आफ्नोपन बिर्सिएर पश्चिमा सस्कृतिमा रमाउने कार्यलाई नै विश्वव्यापीकरणका रुपमा अर्थ्याउन थालियो तर अहिले विश्वव्यापीकरणलाई पश्चिमाकरण नभई विश्वका राम्रा कुरा अपनाउने र आफ्नो स्थानीयपन र राम्रा कुरालाई विश्वभर पुऱ्याउने कार्यका रुपमा बुझ्न थालिएको छ। विश्वव्यापी प्रकृतिको स्थानीयकरण र स्थानीय प्रवृत्तिको विश्वव्यापीकरणको मान्यताको विकास भएको छ। Think Globally, act locally रणनीतिले प्राथमिकता पाएको छ। विश्वलाई एक गाउँ र सबै जनतालाई भातृत्वको रुपमा हेर्न थालिएको छ (रेग्मी, २०७७, पृ.४६१)।

विश्वव्यापीकरणसँगै बहुराष्ट्रिय कम्पनीहरूको प्रभाव विश्वमा द्रुत गतिमा बढ्दै गएको छ। अमेरिकी उत्पादन(म्याकडोनल्डस्) अहिले १२० देशमा पुगेको छ। यसले अमेरिकी मूल्य, मान्यता, संरचना र संगठनको विस्तारमा महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ। म्याकडोनल्डस्का संसारभर ३७ हजार रेस्टुरेन्ट सञ्चालित छन्। रुस, भारत, चीन, ब्राजिल, क्यानडा, जापानजस्ता देशबाट म्याकडोनल्डस् कम्पनीले मौद्रिक नाफा कुम्ल्याएर लगिरहेको छ। सन् १९८० मा सुरु भएको नवउदारवाद र खुला बजार तथा विश्वव्यापीकरणका कारण म्याकडोनल्डस् संसारभर फैलिरहेको छ। यस संस्थाको मुख्य लक्ष्य नै स्थानीय बजारलाई धुलोपिठो पार्दै अमेरिकी खाद्य-संस्कृति फैलाउनु रहेको पाइन्छ (सिलवाल, २०७५)।

अबको युग कृत्रिम बौद्धिकता (Artificial Intelligence ) को हो । यसले सुरक्षाको क्षेत्र मात्र नभई सारा मानव अस्तित्वमाथि नै खतरा र जोखिम निम्त्याउने कुरा विभिन्न वैज्ञानिक र विद्वान्हरू बताउनुहुन्छ । विज्ञान प्रविधिको क्षेत्रमा भइरहेको तीव्रतर विकासले विद्युतीय सुरक्षा (Cyber Security) को क्षेत्रमा दिन प्रतिदिन जोखिमहरू बढिरहेका छन् । विश्वव्यापीकरणका नकारात्मक प्रभावहरूमध्ये एक रहेको शरणार्थी समस्याले राष्ट्रिय र अन्तरराष्ट्रिय सुरक्षाको क्षेत्रमा प्रभाव पारिरहेको छ । जलवायु परिवर्तनले निम्त्याएको प्राकृतिक संकट र दैवी प्रकोप बढिरहँदा सुरक्षा निकायहरूको भूमिकामा वृद्धि भइरहेको छ ।

## नेपाल र विश्वव्यापीकरण

विश्व बजारमा प्रवेश गर्दै वैदेशिक रोजगारको ढोका खुला भई विप्रेषण आप्रवाहले मुलुकको अर्थतन्त्रमा योगदान पुगेको जस्ता विषयहरू नेपालले प्राप्त गरेका केही फाइदाका रुपमा लिन सकिए तापनि विश्वव्यापीकरणबाट नेपालमा सकारात्मकभन्दा पनि नकारात्मक प्रभाव बढी परेको हो कि भन्ने चर्चा परिचर्चा पनि हुन थालेको छ । विश्वव्यापीकरणका कारण नेपालजस्ता अल्पविकसित देशको परनिर्भरता बढ्दै गएको छ भने राष्ट्रिय नीति निर्माणमा समेत वैदेशिक पक्षहरूको प्रभुत्व बढ्दै गएको छ (आचार्य,२०१५,पृ.७४२)।

विश्वव्यापीकरणका प्रभावहरू सबै प्रकारका देशहरूमा पर्दैन, तर त्यसबाट फाइदा लिन सक्ने गरी नीति, रणनीतिहरू तर्जुमा गर्दै प्रगति गर्ने विषय ठूलो चुनौतीका रुपमा रहेको हुन्छ । यो विशेष गरी विकासशील देशका लागि अत्यन्त जटिल हुने गर्दछ । किनकि विश्वबजारमा प्रतिस्पर्धा गर्न त्यही अनुसारको सीप, पुँजी, विशेषज्ञता, स्रोत, साधन, प्रविधि हुनुपर्दछ । विकसित देशहरूमा यी सबैको उपलब्धता हुने गर्दछ । त्यसैले विश्वबजारमा यस्ता सम्पन्न देशहरूको उत्पादनले एकछत्र प्रभाव जमाएका हुन्छन् । विकासशील देशहरूमा यी सबैको अभाव हुन्छ । त्यसैले विश्वव्यापीकरणबाट खासै फाइदा लिन सकिराखेका हुँदैनन् । यस अर्थमा विश्वव्यापीकरणले विपन्न वर्गलाई फाइदा दिन नसकेको टीका टिप्पणीहरू पर्याप्त लिन सकेको देखिंदैन (मैनाली, पौड्याल, २०७१,पृ.५४४ ) ।

विश्वव्यापीकरणको हावाबाट विगतदेखि नै नेपाल पनि अछुतो थिएन । खासगरी वि.सं. २०४६ को राजनीतिक परिवर्तनपछि नेपालमा उदारीकरण, निजीकरण हुँदै विश्वव्यापीकरणको भेल बग्न थालेकोमा साठीको दशकमा सूचना तथा सञ्चार प्रविधिको बाढी नै आयो । वि.सं. २०४६ सालको परिवर्तनपछि नेपालले उदार अर्थतन्त्र अवलम्बन गर्‍यो । नेपालमा निजीकरण लागू गरियो । स्वतन्त्र व्यापारको अवधारणालाई आत्मसात् गरी SAFTA मा सहमति र सम्झौता गर्‍यो । नेपाल विश्व व्यापार संगठनको सदस्य बन्यो । औद्योगिक नीति २०४९ ले निजी क्षेत्रको लगानीलाई उद्योगधन्दाको विकासमा खुला गर्‍यो । नेपालले साझेदारी विकासको नीति लिनुका साथै वैदेशिक लगानी र प्रविधि हस्तान्तरण ऐन मार्फत प्रविधि हस्तान्तरणलाई स्वीकार गर्‍यो । विकास सहायता नीति २०७१ र वैदेशिक लगानी नीति २०७१ मार्फत राज्यको हितमा विदेशी लगानी निजी लगानी आकर्षित गर्ने र विश्वव्यापीकरणको लाभ लिने प्रयास गरेको देखिन्छ । अन्तरराष्ट्रिय शान्तिस्थापनामा नेपालले सन् १९५८ देखि नै शान्ति सेनामार्फत विश्वव्यापी साझेदारीमा भाग लियो । जलवायु परिवर्तन अनुकूलन सहश्राव्दी विकास लक्ष्य प्राप्ति तथा दिगो विकास लक्ष्य प्राप्तिमा नेपालको प्रतिबद्धता कटिबद्धता र सहभागिता रहेको छ । CITES, Agenda 21, UNEP, शरणार्थी व्यवस्थापन, प्रकोप व्यवस्थापन लगायतका क्षेत्रमा नेपाल विश्वसँग सँगसँगै रहेको छ । नेपालले पहिलोपटक प्रजातन्त्र आएसँगै खुला आकास नीति लियो । पर्यटन नीति मार्फत विश्वभर जोडिने र तुलनात्मक लाभका क्षेत्रको प्रचार प्रसार गर्‍यो । विश्व बौद्धिक सम्पत्ति संगठन (WIPO) को नेपाल सदस्य भयो र नेपालमा बौद्धिक सम्पत्ति संरक्षण सम्बन्धी कानुनी व्यवस्था गरी बौद्धिक सम्पत्ति संरक्षणको नीति लियो । प्रविधि हस्तान्तरण ऐन मार्फत ज्ञान सीप व्यवस्थापन प्रविधि अनुभव आदिबाट लाभान्वित भएको अवस्था छ । नेपालमा

सन् २००० पछि सूचना प्रविधिको प्रयोगले व्यापकता पायो । राष्ट्रिय सूचना प्रविधि नीति २०६७ ले सूचना प्रविधिको विकास र उच्चतम उपयोगको नीति लियो । विद्युतीय कारोबार ऐन २०६३ ले विद्युतीय अपराधलाई परिभाषित गर्नुका साथै विद्युतीय  सूचना प्रयोगको अधिकार सुनिश्चित गर्‍यो । नेपालले श्रम बजार खुला गर्ने नीति लियो । वैदेशिक रोजगारीको ढोका खुला गर्‍यो । विभिन्न देशहरूमा कूटनीतिक तथा श्रम सम्बन्धका माध्यमबाट श्रमको विनिमय गर्न थाल्यो । साथै विप्रेषण आयको अनुत्पादक प्रयोगका कारण उपभोगवादी संस्कृतिको विकास हुनाका साथै आयात बढेर गयो । विश्वव्यापीकरणसँगै नेपालमा विदेशीको प्रभाव बढेर गयो । यद्यपि राजनीतिक परिवर्तन सेना तथा हतियार व्यवस्थापन एवं नयाँ संविधान निर्माणको कार्यमा विदेशीहरूको सकरात्मक सहयोग एवं शुभेच्छा समेत प्राप्त भए (रेग्मी, २०७७, पे.४६२,४६३ ) ।

**सुरक्षाको बदलिँदो आयाम**

राष्ट्र र राष्ट्रियताका विषयमा महामानव बि.पि. कोइरालाको भनाइ अलिक फरक छ। एक प्रसङ्गमा उहाँले देश वा राष्ट्र भनेको भूगोल होइन, माटो होइन त्यो यथार्थमा जनता हो । जनताको अधिकार देशको अधिकार हो । जनताको अधिकार हनन् गर्नु देशको अधिकार हनन् गर्नु हो भन्नु भएको छ। राष्ट्रियताको सन्दर्भमा पहिलो र अन्तिम निर्णय गर्ने तत्त्व जनता नै हो । राष्ट्रियता जनताको सामूहिक भनोभावनालाई लक्षित गर्ने शब्द हो । समय-समयमा प्रकट हुने व्यापक समस्याहरूलाई सामूहिक रूपमा समाधान गर्नुपर्दा सहजै उत्पन्न हुने एकताको जनभावना नै राष्ट्रियता हो (गिरी, प्रदीप, (सम्पा. २०६६), विश्वेश्वरप्रसाद कोइराला राजनीतिक अभिलेख, पृ. १७४) । राष्ट्रियताको यस परिभाषामा व्यापक समस्या, तिनको समाधानको सामूहिक प्रयत्न र त्यसबाट सहज किसिमले उत्पन्न हुने भावनात्मक एकताको तत्त्व नै राष्ट्रियता हो ।

राष्ट्रको आफ्नो संस्कार र मौलिक जीवन पद्धतिलाई टेवा दिन आवश्यक आधारभूत मूल्य र मान्यतामा आधारित राष्ट्रिय आकाङ्क्षा र अति महत्त्वपूर्ण राष्ट्रिय हित र सरोकारका विषयलाई बाह्य र आन्तरिक दबाब र चुनौतीबाट सुरक्षित गर्दै संवर्द्धन र प्रवर्द्धन गर्नु नै राष्ट्रिय सुरक्षा हो । यसले देशको सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वतन्त्रताको रक्षा देशको आर्थिक, राजनीतिक, सास्कृतिक र वातावरणीय पक्षको सुरक्षा गर्नुका साथै समाज र प्रत्येक नागरिकको मौलिक हकहितको सुरक्षालाई समेत समेटेको हुन्छ ।

इतिहासको सिंहावलोकन गर्दा ग्रीक सभ्यतामा भएका विभिन्न युद्ध, मेसोपोटामिया सभ्यतामा भएको युद्ध, महाभारतकालमा भएको विराट युद्ध तथा मगध युद्ध, रोमन साम्राज्यमा भएको युद्ध तथा मौर्य  साम्राज्यमा भएका युद्ध सबै सीमा रक्षा र नागरिक सुरक्षाका लागि भएको देखिन्छ । राष्ट्रिय सुरक्षालाई ध्यान दिँदै कूटनीति अवलम्बन सबै सभ्यतामा कुनै न कुनै रुपमा भएको प्रमाणहरूले देखाउँछन् । संयुक्त राज्य अमेरिकाले राष्ट्रिय सुरक्षा ऐन, १९४७ जारी भए पश्चात् कानुनी रुपमा राष्ट्रिय सुरक्षा तर्जुमा गर्नुपर्ने अवधारणा विश्वव्यापी भयो । शीतयुद्धको प्रभावका कारण भएको आणविक होडबाजी तथा जैविक हतियारले विश्व सुरक्षा खतरामा पारेको प्रभावले राष्ट्रिय सुरक्षामा समेत असर गरेको देखियो ।१९७० को दशकपछि सुरु भएको वातावरण तथा पर्यावरणको एजेण्डाले राष्ट्रिय सुरक्षामा नयाँ बहस थप्यो। १९९० पछिको विश्वव्यापीकरणले विश्वभरी विद्युतीय सुरक्षा, खाद्य सुरक्षा तथा मानवीय सुरक्षाका अन्य माध्यमलाई राष्ट्रिय सुरक्षाका नयाँ आयामका रुपमा विकास गरेको छ (जि.सी.,२०७७ पे.३५) । यसैगरी दोस्रो विश्वयुद्धपछि शक्तिसम्पन्न राष्ट्रहरू आ-आफ्नो परमाणु अस्त्र निर्माण गर्दै NATO,WARSAW PACT जस्ता अन्तरराष्ट्रिय सामरिक गुट वा संस्थाहरू निर्माण गर्नमा तत्पर भए ।

कौटिल्यको अर्थशास्त्रानुसार त्यसबेला आन्तरिक समस्याका साथै बाह्य समस्या पनि रहेका थिए। मौर्य साम्राज्यमाथि बाह्य आक्रमणको खतरा थियो । त्यसैले बलियो वैदेशिक नीतिको आवश्यकता रहेको थियो । त्यही

वैदेशिक आक्रमणबाट मगध साम्राज्यलाई सुरक्षित गर्न कौटिल्याद्वारा प्रतिपादित गरिएको विदेश नीतिलाई मण्डल चक्र, राजमण्डल भनिन्छ । कौटिल्यका अनुसार यदि बाह्य राज्य शक्तिशाली छ भने यस्तो स्थितिमा सम्झौता गर्नुपर्छ र शत्रुतापूर्ण स्थिति अन्त्य गर्नुपर्छ । यदि आफ्नो राज्य सैनिक दृष्टिकोणले अर्को शंकालु राज्यभन्दा बलियो छ भने यस्ता शंकालु राज्यविरुद्ध युद्धको घोषणा गर्नुपर्छ । यदि कुनै राज्यलाई बाह्य आक्रमणको डर छैन तथा सैनिक शक्तिको दृष्टिले कमजोर भएमा ठूला राज्यहरूबीच उत्पन्न अन्तरद्वन्द्वमा तटस्थ बस्नुपर्छ । यदि राष्ट्रलाई शक्तिको साधन प्राप्त भएमा शस्त्रअस्त्रसहित आक्रमण गरिदिनुपर्छ । पराजित राज्यसँग नयाँ सन्धि गर्नुपर्छ । मण्डल सिद्धान्तको पूर्वमा महत्त्वपूर्ण स्थान रहेको थियो । नेपालले लिच्छविकालमा मण्डल सिद्धान्तलाई अपनाएको थियो । त्यसबेला नेपाल मण्डला भनिन्थ्यो । खस साम्राज्यको पतन भएपछि जुम्लालाई केन्द्र मानेर मण्डलहरू निर्माण गरिएका थिए । मल्लकालमा काठमाडौंमा मण्डलाको व्यवस्था थियो भने पाल्पाले पनि मण्डल सिद्धान्त मानेको थियो । किरात राज्यमा उबाहाङको नेतृत्वमा किरातहरूमा मण्डलको निर्माण गरिएको थियो । शाहकालमा मण्डल तयार गर्ने प्रयास गरे पनि यसलाई कार्यान्वयमा बेवास्ता गरियो । चाणक्यको अर्थशास्त्रको प्रभाव लिच्छविकालदेखि परेको पाइन्छ (शिवाकोटी,२०७४,पृ.२३८) ।

राष्ट्रिय सुरक्षाको कुरा गर्दा पृथ्वीनारायण शाहका पालादेखि नै हाम्रो मुलुकको आन्तरिक र बाह्य सुरक्षालाई विशेष ध्यान दिएको देखिन्छ । यसै क्रममा कुशल, सुझबुझपूर्ण र चलाख कुटनीति अवलम्बन गरेर विश्वका कतिपय स-साना र विकासोन्मुख राष्ट्रहरूले आफ्नो सार्वभौम अस्तित्व बचाएर राख्न सफल भएका विश्वमा उदाहरण धेरै छन् । यसै पृष्ठभूमिमा नेपालमा पनि शाहवंशीय राजाहरू तथा राणा शासकहरूले कूटनीतिक चातुर्यका माध्यमबाट छिमेकी राष्ट्रमा अङ्गेज शक्तिको दबदबा भइरहँदा समेत नेपाललाई स्वतन्त्र र सार्वभौम राष्ट्र कायम राख्न सफल भएको इतिहास हाम्रो सामु छर्लङ्ग छ ( पौड्याल, २०७७, पृ.२) ।

**सुरक्षाको संवैधानिक तथा नीतिगत प्रावधान**

नेपालको संविधान-(२०७२) को धारा-५१ म राष्ट्रिय एकता र सुरक्षासम्बन्धी नीतिलाई समेटिएको छ । यसै संविधानको भाग-२८ मा राष्ट्रिय सुरक्षासम्बन्धी व्यवस्था गरिएको छ जसमा नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनताको संरक्षण गर्ने, राष्ट्रिय सुरक्षा प्रणालीको विकास गरी शान्ति सुरक्षाको व्यवस्था गर्ने, सर्वाङ्गीण मानवीय सुरक्षाको प्रत्याभूति गर्ने कुरा उल्लेख गरिएको छ । यसै गरी राष्ट्रिय सुरक्षाको महत्त्वपूर्ण विषय देशमा रहेका सबै सुरक्षा निकायहरूलाई राष्ट्रिय सुरक्षा नीतिका आधारमा सबल, सुदृढ, व्यावसायिक, समावेशी र जनउत्तरदायी बनाउने तथा पूर्व सैनिक, कर्मचारी, प्रहरीलगायतका पूर्व राष्ट्रसेवकहरूमा रहेको ज्ञानसीप प्रयोग गर्ने र राष्ट्रिय आवश्यकताअनुरुप नागरिकलाई राष्ट्रको सेवा गर्न तत्पर र सक्षम बनाउने कुरा उल्लेख गरिएको छ, जसको व्यावहारिक कार्यान्वयन हुन सकेको खण्डमा राष्ट्रिय सुरक्षा थप मजबुत हुन सक्छ । यसरी वर्तमान नेपालको संविधानले समेत राष्ट्रिय खतराको पूर्वमूल्याङ्कन गरी राष्ट्रिय सुरक्षाको विषयलाई संवेदनशील रुपमा उठाउन खोजेको छ ।

राष्ट्रहित राष्ट्रियतासँग अन्तरसम्बन्धित विषय हो । राष्ट्रियताभित्र राष्ट्रहितका विषयहरू समावेश गरिएका हुन्छन् । मुलुकको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता, स्वाधीनता, स्वाभिमान, आफ्ना नागरिकहरूको रक्षा, आफ्नो देशको सिमानाको सुरक्षा, आर्थिक समुन्नति र समृद्धिलाई राष्ट्रहितको विषय बनाउँदै राष्ट्रहित प्रतिकूलको आचरण र कार्य सङ्घीय कानुनबमोजिम दण्डनीय हुने भनेको छ (नेपालको संविधान, धारा ५०) ।

सुरक्षा बहु-आयामिक विषय भएकाले यसले मुलुकको सार्वभौमिकता, राष्ट्रिय अखण्डता, भौतिक, सामाजिक, आर्थिक, सांस्कृतिक र मानवीय पक्षलाई समेट्दछ। सुरक्षा नीति अन्तर्गत सार्वजनिक र निजी मूल्य मान्यताहरू, राष्ट्रिय सम्मान र गौरव, जिउधन एवम् सामाजिक-सांस्कृतिक मूल्यको सुरक्षा र संरक्षण पनि पर्दछन्। वातावरण, सुशासन, विकास र मानव अधिकारको पक्षलाई पनि राष्ट्रिय सुरक्षा नीतिले समेट्दछ। यी क्षेत्रमा उत्पन्न हुने समस्या र जोखिमलाई न्यून गर्दै समग्रमा राष्ट्रमा अति महत्त्वपूर्ण राष्ट्रिय हितहरूको रक्षा सुरक्षा नीतिको कार्यान्वयनद्वारा गरिन्छ। यस अन्तर्गत सैनिक सुरक्षा प्राथमिकता र उपाय लगायतका पक्ष र आयामहरू पर्दछन् (राष्ट्रिय सुरक्षा नीति, २०७३)।

राष्ट्रिय सुरक्षा नीतिको मूल लक्ष्य “नेपालका राष्ट्रिय हितहरूको संरक्षण र सम्बर्द्धन गर्दै राज्यविरुद्ध आउने सम्पूर्ण आन्तरिक तथा बाह्य चुनौतिहरूको सामना गर्न राष्ट्रशक्तिका सबै स्रोत र संयन्त्रहरूलाई समन्वयात्मक रुपबाट परिचालन गरी शान्तिपूर्ण, सुरक्षित र स्थिर वातावरणमा संविधानद्धारा प्रत्याभूत अवसर र स्वतन्त्रताको स्वाभिमानपूर्वक उपभोग गर्न सक्ने एवं राष्ट्रिय सम्बृद्धि हासिल गर्ने वातावरणको निर्माण गर्नु राष्ट्रिय सुरक्षा नीतिको मूल लक्ष्य हो” भनी निर्धारण गरिएको छ (राष्ट्रिय सुरक्षा नीति, २०७३, भाग (२,२.३)।

**विश्वव्यापीकरणका कारण सुरक्षामा देखिएका चुनौतीहरू**

नेपालको भौगोलिक अवस्थिति दुई कारणले महत्त्वपूर्ण छ, सकारात्मक कोणबाट विश्लेषण गर्दा भू-वेष्टितको ठाउँमा नेपाल भू-जडित Land-Linked हुनपुगेको छ र दुई देशहरू चीन र भारतको बीचमा रहेर नेपालले दुवै छिमेकी मुलुकहरूलाई जोड्ने सेतु अर्थात् पुलको काम गर्नसक्छ र दुवै देशले गर्ने आर्थिक विकासको पर्याप्त लाभ नेपालले लिनसक्छ। तर अर्को कोणबाट हेर्दा, सामरिक र रणनीतिक हिसाबले नेपाल यस्तो ठाउँमा उभिएको छ, जुन ठाउँमा शक्तिसम्पन्न राष्ट्रहरूले आफ्नो आर्थिक, राजनीतिक र नीतिगत उपस्थिति जनाएर नेपालको काँधमा बन्दुक राखेर एक अर्का विरुद्ध पड्काउने काम पनि गर्नसक्छन्। यस हिसाबले र राष्ट्रिय सुरक्षाको विषय यहीँनिर गम्भीररुपमा आकर्षित हुन्छ ( कुसुम,२०७७, पृ.१८)। फलतः आज सङ्गठित र अन्तरराष्ट्रिय अपराध बढ्नुका साथै आधुनिक प्रविधिको दुरुपयोग पनि व्यापक रुपमा हुँदै जान थालेको देखिन्छ। राष्ट्र-राष्ट्रहरूबिचमा परम्परागत तनावहरूको स्वरुप परिवर्तन भइरहने हुँदा अन्तरराष्ट्रिय सुरक्षा वातावरण जटिल तथा चुनौतीपूर्ण बन्दै हाम्रो मुलुक पनि प्रभावित हुनसक्छ (पौड्याल, २०७७,पृ.३)। यस्तै प्रविधि विकास तथा अन्तरराष्ट्रिय खुलापनले गर्दा हाम्रो राष्ट्रिय सुरक्षामा चुनौती बढेको छ। प्रविधिले विकासलाई जति उचाइमा पुऱ्याउँछ, प्रविधिको कारणले हुने खतरा पनि त्यसभन्दा बढी दरमा बढ्छ। सेयर बजार, बैङ्किङ प्रणाली, सूचना सम्प्रेषण, तथ्याङ्क अभिलेख र सैन्य गतिविधिदेखि लिएर निर्वाचन परिणाम, अन्तरिक्षमा पठाइने भू-उपग्रह प्रणालीमा खतरा बढिरहेको छ (कुसुम,२०७७,पृ.१७)। राष्ट्रिय सुरक्षा र राष्ट्रिय हित एक अर्कासँग सम्बन्धित छन्। यी दुई मध्ये एउटामा उत्पन्न हुने खतराले अर्कोलाई पनि असर गरिरहेको हुन्छ। वर्तमान सन्दर्भमा विश्वका सबै देशहरूले बसाइँसराइ (साइबर हमला, आतङ्कवाद, वातावरणीय समस्या, जलवायु परिवर्तन, आतङ्कवादी हमला, गैरराज्य पात्रहरूको उदय, कोभिड १९ जस्ता रोगहरूको महामारी, धार्मिक तथा जातीय द्वन्द्व, गरिबी, आर्थिक असमानताजस्ता विषय  राष्ट्रिय सुरक्षाको चुनौतीका रुपमा उदय भएका छन् (यादव,२०७७,पृ.२४)। यस्तै जलवायु परिवर्तनको विषय-सन्दर्भ राष्ट्रिय सुरक्षाको विषयभित्र पर्नु वातावरणीय लडाइमा लागेकाहरूका निम्ति एउटा ठूलो विजयको विषय हो। स्मरणीय कुरा यो छ कि कुनै पनि आतङ्कवादी संगठनभन्दा धेरै गुणा खतरा विश्वको तापक्रम बढ्दै जानु हो र यसको असर दूरगामी बनी कालान्तरसम्म रहिरहन्छ। यसै गरी वर्तमान सन्दर्भमा विश्वव्यापीकरणको सीमाविहीन अवस्था स-साना राष्ट्रहरूका लागि चुनौतीको विषय बनेको छ भने उता ती राष्ट्रहरूले विश्वव्यापीकरणले ल्याएका राम्रा अवसरहरूलाई पनि समात्न सकेका छैनन्। विश्वव्यापीकरणका एजेन्टहरूः विश्व बैंक, अन्तरराष्ट्रिय मुद्रा कोषजस्ता संस्थाहरूले

विकासोन्मुख राष्ट्रहरूको क्षमता विकासमा जोड दिएका छन्, तर यी संस्थाहरूलाई परोक्ष रुपमा आलोचना पनि भइरहेको छ (बराल,२०१७,पृ.११२)। यसरी विकासोन्मुख राष्ट्रमा आफ्नो प्रभुत्व जमाएर यी संस्थाहरूले आन्तरिक सुरक्षामा चुनौती थप्न सक्छन् भन्ने धारणा प्रबल बनिरहेको छ ।

हालको Globalized World मा कुनै पनि राष्ट्र पूर्ण रुपमा सुरक्षित रहेको छैन । प्रविधिको विकासले मानव जीवनलाई सरल र सहज बनाउनुको साथै यसको सम्भावित दुरुपयोगबाट सुरक्षा चुनौतीलाई अझै जटिल बनाउँदै लगेको समेत पाइन्छ । साना तर शक्तिशाली हतियार, ड्रोन र विष्फोटक पदार्थको प्रयोग, Cyber Crime तथा अत्याधुनिक प्रविधिहरू समेत विध्वंसात्मक कार्यका लागि प्रयोग भइरहेको पाइन्छ । यसका साथै मानव मस्तिष्कलाई Indoctrinate गरेर Human Shield र Human Bomb को रुपमा समेत प्रयोग भइरहेको पाइन्छ । जुनसुकै सुरक्षा संगठनमा पनि घुसपैठ, अति महत्त्वपूर्ण सूचना चुहावट, संस्थाको हित विपरीत स्वइच्छाले वा कुनै जाल (Trap) मा परी परिचालन हुनसक्ने सम्भावनाहरूलाई समेत पूर्ण रुपमा नकार्न सकिदैन (रेग्मी, २०७६, पृ.१००) ।

विश्वव्यापीकरणलाई व्यापक बनाउन सामाजिक सञ्जालले ठूलो भूमिका खेले तापनि राष्ट्रिय सुरक्षामा चुनौती थपेको छ । सही गलत सूचना पहिचान कठिन हुन थालेको छ । सामाजिक सञ्जालको विस्तारले विश्व ढाकिरहेको समयमा व्यक्तिगत रुपमा राखिने विवरणहरू, त्यस्ता विवरण तथा तथ्याङ्कमा अनधिकृत पहुँच हुने जस्ता विषयले पनि राष्ट्रिय सुरक्षामा चुनौती थपेको छ ।

**सुरक्षाका चुनौतीहरू**

नेपालको भारत र चीनसँग खुला सिमाना भएको कारण मुख्यरुपमा भारतीय सीमा क्षेत्रमा आपराधिक क्रियाकलाप देखिएका छन् भने सीमा अतिक्रमण अर्को महत्त्वपूर्ण समस्याको रुपमा देखिएको छ । भुटानी शरणार्थीको समस्या पूर्णरुपमा समाधान नभइसकेको अवस्थामा म्यानमारका रोहिन्गा शरणार्थी व्यवस्थापन समेत चुनौती बन्दै आएको छ । अध्यागमन नियमन, लागुऔषध नियन्त्रण, मानव बेचबिखन नियन्त्रण, सम्पत्ति शुद्धीकरण नियन्त्रण, वित्तिय अपराध, विद्युतीय अपराधको नियन्त्रण, पर्याप्त ऊर्जाको उपभोगको सुनिश्चितता, गुणस्तरीय शिक्षाको सुनिश्चितता, गरिबी र भोकको उन्मूलन, दण्डहीनताको अन्त्य, संगठित अपराधको नियन्त्रण, सुशासन कायम गरी लोकतान्त्रिक संघीय शासनको जगेर्ना गर्नु लगायतका सुरक्षा चुनौतीहरू विद्यमान रहेका छन् । यसका अतिरिक्त संविधानप्रति विमति राख्नेहरू, आन्तरिक द्वन्द्व निम्त्याउन खोज्ने (सशस्त्र संघर्ष) को मार्गमा हिँड्नेहरूबाट समेत राष्ट्रिय सुरक्षा चुनौती थपिएका छन् (पाण्डेय,२०७४) ।

Central Intelligence Agency United States of America(CIA) को मुख्यालयमा सर्वसाधारणका लागि नखोलिएको एउटा संग्रालय छ , जसमा क्यामेरा बाँधिएको परेवाको मूर्ति पनि राखिएको छ । सन् १९७० ताका Takana नाम दिइएको जासुसी कार्यक्रमअन्तर्गत आफैं तस्बिर खिच्ने सानो क्यामेरा बाँधिएका परेवाहरूलाई कसरी प्रयोग गर्न सकिन्छ भनेर अध्ययन गरिएको थियो । जहाँ छोडे पनि सयौं किलोमिटर टाढा रहेको आफ्नो बासस्थानमा आइपुग्ने विशेष गुणले परेवालाई यो कामको लागि योग्य मानिएको थियो । परेवालाई सञ्चारका रुपमा प्रयोग गर्ने चलन हजारौं वर्ष पुरानो भए पनि पहिलो विश्वयुद्धदेखि यसलाई जासुसी कार्यमा प्रयोग गर्न थालिएको मानिन्छ । दस्तावेजानुसार अमेरिकाले कागलाई चालिस ग्रामसम्मका वस्तु ओसार्न प्रयोग गरेको थियो । यति मात्र होइन ठूला भवनका झ्यालहरूमा जासुसी यन्त्रहरू राख्न र ल्याउन पनि प्रयोग गरिएको थियो, रातो लेजर प्रकाशको सहयोगले कागलाई सञ्चालन गरिन्थ्यो । CIA ले बिरालोमा पनि टाढासम्म सुन्न सकिने यन्त्र जडान गरेको थियो । सन् १९६० ताका नै CIA ले डल्फिनलाई रुसी समुद्रकिनारसम्म पुगेर जासुसी गर्न तालिम

दिइएको थियो । सन् १९६७ मा CIA छ लाख डलरभन्दा बढी रकम कुकुर, बिरालो, डल्फिन, चरालाई जासुसी कार्यमा प्रयोग गर्ने प्रयासमा खर्च गरेको थियो (Shrestha, 2079)।

राष्ट्रिय सुरक्षाका आयामहरू अन्तर्गत भौतिक सुरक्षा, राजनीतिक सुरक्षा, आर्थिक सुरक्षा, पर्यावरणीय सुरक्षा, ऊर्जा तथा प्राकृतिक स्रोतहरूको सुरक्षा, साइबर तथा कम्प्युटर सुरक्षा, निर्माण तथा संरचनागत सम्पत्तिहरूको सुरक्षा आदि पर्दछन् । यसै गरी दोस्रो विश्वयुद्धभन्दा यताको राष्ट्रिय सुरक्षाको अवधारणामा पुरानो, भारी तथा स्थापित सैन्य विशेषता जुन जरा गाडिएर रहेको मान्यतामाथि सुरक्षाका सैद्धान्तिक चुनौतीहरू थपियो र राष्ट्रिय सुरक्षामा सैन्य चुनौतीहरूको बुझाइ सैन्य बल वा शक्तिको सामना गर्न सक्ने विशेषताहरू स्थापित थिए । अन्ततः यो बुझाइलाई नयाँ चुनौतीहरूले पृथक र जटिल बनाइदिए (ब्राउन,१९८६,पृ.,२५-३२) ।

कुनै पनि राष्ट्रभित्रका सरकारी, गैरसरकारी अन्य विभिन्न संस्थाहरूको कार्यसम्पादनलाई छिटो छरितो तथा चुस्त-दुरुस्त बनाउनका निमित्त कम्प्युटरमा विभिन्न सफ्टवेयरको प्रयोग गरिएको हुन्छ, जसलाई सुरक्षित बनाई आधिकारिक व्यक्तिलाई मात्र सञ्चालन गर्ने अधिकार हस्तान्तरण गरिएको हुन्छ । उक्त कुराको कहिलेकाहीँ दुरुपयोग,ह्याकिङ, म्यलफङ्सन हुन गई गोपनीयता भङ्ग हुने, महत्त्वपूर्ण सामान तथा वस्तुहरू चोरी हुने इत्यादि घटनाहरू हुन गई त्यसको नराम्रो क्षति हुने गरेको कुराहरूको सबुत हाम्रा सामु प्रस्ट छन् । संसारको एक कुनामा तयार गरिएका राष्ट्रिय सुरक्षामा प्रभाव पार्ने हतियारहरू अर्को कुनामा बसेर प्रयोग र उपयोग गर्ने प्रणालीको विकास भइसकेको छ (अधिकारी,२०७६,पृ.२३१) ।

आज मानिसहरू तीव्र रुपमा परनिर्भर हुँदै गइरहेका छन् । प्रविधिमा पहुँचता बढेसँगै हरेक क्रियाकलापको अपारदर्शिता छैन । Ethical & safe AI, Civic space, Transparency, Protection and Media pluralism आदिले राष्ट्रिय अन्तरराष्ट्रिय सुरक्षालाई सदा प्रभाव पारिरहेको छ। प्रविधिको विकासले अपराध र आतङ्कवादलाई पनि बलियो पारेको छ। विद्युतीय सामानहरू, विकिरणयुक्त उत्पादन, जैविक वस्तुहरू, औषधी, वन्यजन्तु र वन्यजन्तुका हाड छाला, खतरामा परेका वनस्पति र वनस्पतिबाट बनेका उत्पादनहरू काठ र जडिबुटीहरूको समेत सीमाबाट व्यापार हुने गरेको छ । अपराध दुनियाँमा संलग्न भएर अवैध व्यापार गर्नेहरूले सुरक्षा संयन्त्रको कमजोर प्रविधि हुनाले सीमा व्यापार तथा पारवहन नियन्त्रण हुन कठिन भइरहेको छ ।

जलवायु परिवर्तनका कारण विकसित देश र विकासोन्मुख देशहरूबीच द्वन्द्व सुरु भइसकेको छ । विकसित देशहरू आफ्नो उत्पादनलाई सीमित गर्दा विकास नै रोकिने र विकासोन्मुख देशले जलवायु परिवर्तनका बाहक प्रणालीलाई रोक्दा उनीहरू सधैं अविकसित हुने अवस्थाले विकसित र अविकसित बीचको द्वन्द्व विकासोन्मुख देशहरूको द्वन्द्वले समेत गम्भीर रुप लिदै गएको देखिन्छ। जलवायु परिवर्तनले हिमालय क्षेत्रको तापक्रम बढ्दै गएको छ। यसैक्रममा तापमान बढ्दै गएमा अरु ५० वर्षमा हिमालयका सम्पूर्ण हिउँ पग्लिने र जलस्रोत सुक्दै जाने स्थितिमा छ। यो जलवायु परिवर्तन हिमालयको चट्टानीकरण तथा मरुभूमीकरण नेपालको सुरक्षाका लागि चुनौती भएको छ ।

नेपालको हिमालयमा भएको बरफ वि.सं. २०३४ देखि वि.सं. २०६७ सम्म २९ प्रतिशतले घटेको पाईन्छ । हिमतालको संख्या ११ प्रतिशतले बढेको पाइन्छ। मौसम तथा जलवायु परिवर्तनको असर प्रत्यक्ष रुपमा देखा पर्न थालेको छ । बढ्दो तापक्रमले हिमालको हिउँ पग्लन गई नाङ्गा डाँडामा परिणत हुने क्रम नेपालमा बढिरहेको छ । जुन देशको सुरक्षाका निम्ति चुनौतीको रुपमा खडा भइरहेको छ (पनेरु, २०७७, पृ.४७८) ।

हाम्रो देश नेपालले पनि शरणार्थी समस्या भोगेकै हो र भोगिरहेको छ । अधिक मात्रामा भुटानी शरणार्थी र थोरै थोरै मात्रामा अरु देशका शरणार्थी नेपालमा थिए र छन् । भुटानी शरणार्थी समस्या तेस्रो देश पुनर्वास योजना

आएपछि समाधान हुँदै गइरहेको छ । तर केही वर्ष अघिदेखि सुरु भएको रोहिङ्ग्या शरणार्थी समस्याले गर्दा नेपालमा पनि उल्लेखनीय मात्रामा रोहिङ्ग्या शरणार्थीहरू भित्रेका छन् । जसले नेपालको आन्तरिक सुरक्षामा चुनौती थपेको छ (अर्याल,२०१७) ।

धनी र गरिबबिचको समृद्धिको अन्तरमा वृद्धि-विगत तीन दशकमा नेपालको निरपेक्ष गरिबी ४२ प्रतिशतबाट २१ प्रतिशतमा झरे तापनि नेपालमा धनी र गरिबबिचको अन्तर भने झन् झन् बढेको छ । यसैगरी विश्वव्यापीकरणका कारण एक ठाउँमा देखापरेको रोग तथा महामारीको प्रसार विश्वका अन्य ठाउँमा पनि हुने हुनाले राष्ट्रिय सुरक्षामा  यस्तो अवस्थाले चुनौती सिर्जना गर्न सक्छ । उदाहरणका लागि गत वर्ष चीनको बुहानमा देखिएको कोभिड-१९ महामारीले यतिबेला विश्वलाई आक्रान्त पारिरहेको छ, तत्काल समयमा धेरै मात्रामा कमी आएको छ  र मानव जीवन माथि ठूलो चुनौती थपिरहेको छ । बहुराष्ट्रिय कम्पनीहरूको सञ्जाल अत्यन्त प्रभावकारी बनी यिनै कम्पनीहरूले फाइदा उठाउने परिस्थिति बन्दै गर्दा राष्ट्रिय सुरक्षालाई पनि खतरा रहेको छ ।

**चुनौती समाधानका उपायहरू**

यस्ता चुनौतीहरूलाई समाधान गर्न नेपालको संविधानले व्यवस्था गरेको राष्ट्रिय सुरक्षा परिषद्लाई प्रभावकारी बनाउनु पर्ने देखिन्छ । यसका लागि आर्थिक, कूटनीतिक, सुरक्षासँग सम्बन्धित विशेषज्ञ समावेश भएको राष्ट्रिय सुरक्षा परिषद्को सल्लाहकार समिति गठन गरी सोही सल्लाहकार समितिले देशको आन्तरिक तथा बाह्य सुरक्षा चुनौतीको तथ्यपरक विश्लेषण गरी दिने सुझावलाई आधारमानी कार्य गर्दा राष्ट्रिय सुरक्षा परिषद्ले प्रभावकारिता हासिल गर्न सक्छ । राष्ट्रिय सुरक्षाको सवालमा महत्त्वपूर्ण भूमिका खेल्ने नेपाली सेनालाई सशक्त र प्रभावकारी बनाई राख्नुपर्छ । साथै, सशस्त्र प्रहरी बल, नेपाल प्रहरी र राष्ट्रिय अनुसन्धानलाई राजनीतिक हस्तक्षेपबाट मुक्त राखी प्रभावकारी बनाउनु आवश्यक देखिन्छ । भारत र चीनसँग भएका खुला सिमानामा नेपाली सेना र सशस्त्र प्रहरी बलको बाक्लो उपस्थिति गराउनु अत्यावश्यक भइसकेको छ । मुलुकको कूटनीतिक  क्षमताको विकास गरी सन्तुलित र प्रभावकारी कूटनीतिक रणनीतिबाट सीमा अतिक्रमण रोकी भौगोलिक अखण्डता कायम राख्नु पर्दछ । आर्थिक कूटनीतिको परिचालनबाट मुलुकमा आर्थिक सम्बृद्धि हासिल गर्नुपर्छ । राजनीतिक विषय भएका गतिविधिहरूको राजनीतिक तवरबाट समाधान खोजिनुपर्छ । संविधानप्रति विमति राख्ने तथा सशस्त्र संघर्षको मार्गमा लाग्नेहरूलाई राजनीतिक तवरबाट समयमै समाधान गरिनु पर्छ । अन्यथा, यसले भयावह अवस्था सिर्जना गर्न सक्छ । राष्ट्रिय स्वार्थको विषयमा सबै राजनीतिक दलहरूको साझा दृष्टिकोण निर्माण गरी राष्ट्रिय सुरक्षा मजबुत बनाउन राजनीतिक दल एकै ठाउँमा उभिएको खण्डमा मात्र सबै कोणबाट सुरक्षित मुलुकको रुपमा स्थापित भई देशमा विकासले गति लिई “समृद्ध नेपाल, सुखी नेपाली” को सोच पूर्ण हुन्छ (बस्नेत, २०७५) ।

सीमा समस्याको दुई देशबीच वैज्ञानिक रुपमा स्थायी समाधान गरी सोको नियमन गरिरहनुपर्ने हुन्छ । सीमाङ्कन सम्बन्धमा अन्तरराष्ट्रिय जगत्मा प्रचलनमा रहेका सिद्धान्त अर्थात् (१) नदी सिमाना (Riverline Boundary) (२) स्थिर सिमाना (Fixed Boundary) (३) तरल सिमाना (Fluid Boundary) (४) पानी ढलो सिमाना (Watershed Boundary) (५) मुख्य भेंगालो सिमाना (Thalweg Boundary) (६) भोगचलन सिमाना (Actual Habitation Boundary) लाई अपनाई सीमा विवादहरूको समाधान गर्नुपर्दछ । तसर्थ उल्लेखित तथ्यहरूका आधारमा सीमा व्यवस्थापनसम्बन्धी मापदण्डहरू संविधानमा समेत उल्लेख गरी सोहीअनुरुप कानुन बनाई सीमा व्यवस्थापन र नियमन गर्न सकिन्छ ( कर्ण, २०६६, पेज नं.,२१३) ।

पन्ध्रौं योजना (२०७६/७७ -२०८०/८१) ले अन्तरराष्ट्रिय आर्थिक सम्बन्धलाई व्यवस्थित बनाउनका लागि अन्तरराष्ट्रिय जगतमा नेपालको राष्ट्रिय हित, राष्ट्रिय छवि, राष्ट्रिय पहिचान र प्रतिष्ठाको प्रवर्द्धन गर्ने,

नेपालको आर्थिक कूटनीतिलाई रणनीतिक तथा नतिजामूलक रुपमा परिचालन गर्ने, कूटनीतिक दक्षतामा अभिवृद्धि गर्ने, संयुक्त राष्ट्र संघीय प्रणालीका अङ्ग तथा विश्व व्यापार संगठन जस्ता निकायको कार्यकारी तहमा नेपालको प्रतिनिधित्व गराउने जस्ता विषयलाई समावेश गरेको छ (पन्धौं योजना, २०७६,पृ.२७९-२८१)। त्यस्तै राष्ट्रिय सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउन सुरक्षा सम्बन्धी नीति, रणनीति र कानुन तथा संगठनात्मक पक्षमा समसामयिक सुधार गर्ने, कानुनको परिपालना, सामाजिक न्याय र द्वन्द्व व्यवस्थापनमार्फत दिगो शान्ति प्रवर्द्धन गर्ने, शान्ति-सुरक्षा, अपराध अनुसन्धान र नियन्त्रणका लागि आधुनिक प्रविधिको प्रयोग तथा गुप्तचर सुरक्षा प्रणालीको संस्थागत एवम् प्राविधिक सुदृढीकरण गर्ने, नागरिक र सुरक्षा अङ्गबिचको सम्बन्धलाई सुदृढ बनाउने लगायतका विषयलाई रणनीतिका रुपमा प्रस्तुत गरिएको छ (पन्धौं योजना, २०७६,पृ.२८४-२८८)।

नोबल पुरस्कार विजेता जोसेफ इ स्टी ग्लीजले विश्वव्यापीकरणले राम्रोसँग काम गर्नका लागि यसको सही व्यवस्थापन गर्न जरुरी छ भनेका छन्। साथै उनले सन् २००७ मा लेखेको पुस्तक Making Globalization Work मा कसैलाई हानि नगर्ने नीति लिनुपर्ने र विश्वव्यापीकरणको लोकतन्त्रीकरण गर्न सुझाएका छन्। जलवायु परिवर्तनबाट सृजित प्रभावलाई न्यूनीकरण गर्न संघदेखि स्थानीय तहसम्म सचेतनाका कार्यक्रम सञ्चालन गर्ने, कृत्रिम बौद्धिकता (Artificial Intelligence) को प्रयोगबाट प्राकृतिक प्रकोपहरूको पूर्व-सूचना लिने र मानवीय सुरक्षाको व्यवस्था अझ प्रभावकारी बनाउनुपर्ने आवश्यकता छ भनिएको छ। त्यस्तै इन्धन र खाद्यान्न संकट समाधानका लागि कृषि उत्पादनमा आत्मनिर्भरता बढाउँदै र कृषिलाई प्राथमिकीकरण गर्दै विद्युत उत्पादन र सहुलियत दरमा आपूर्तिमा जोड दिँदै जानु आवश्यक छ। वैदेशिक व्यापारमा यसले गर्दा सन्तुलन भई आत्मनिर्भरताको विकास र राष्ट्रिय पुँजीको विकासमा टेवा पुग्छ। त्यस्तै आर्थिक असमानताको सम्बोधन, विविधता व्यवस्थापन, सुरक्षा निकायको आधुनिकीकरण र व्यवसायीकरण, आप्रवासन र शरणार्थी समस्याको सम्बोधन, दक्षिणतर्फको खुला सिमाना व्यवस्थित गर्ने, राजनीतिक लोकतान्त्रीकरण पनि हाम्रा लागि महत्त्वपूर्ण छन्। यस्तै सामाजिक सद्भाव, भेदभाव रहित समाजको स्थापना, सचेतनाको विकास, गरिबी निवारण, आर्थिक उन्नति, रोजगारीको सिर्जना, दक्ष जनशक्ति, कानुनी शासनको प्रत्याभूति, कूटनीतिको माध्यमबाट विश्व समाजमा आपसी विश्वास सुदृढ गर्ने, प्रविधिगत चुनौतीका लागि नयाँ नयाँ आविष्कारमा जोड दिने, अर्थतन्त्र मजबुत बनाउने, वातावरण संरक्षणका लागि हिमालदेखि समुदसम्मको सञ्जालीकरणमा बहस र पैरवी गर्नेजस्ता यी महत्त्वपूर्ण अन्य विषय सन्दर्भले पनि विश्वव्यापीकरणका कारण सिर्जित हाम्रो राष्ट्रिय सुरक्षा चुनौतीको समाधान गर्न सक्छ (आचार्य,२०७७, पृ.३४१)।

नेपाल सरकारले भ्रष्टाचार न्यूनीकरण र निर्णय प्रक्रियामा जनसहभागिता बढाउन पारदर्शिता र जवाफदेहिता कायम गर्न उच्च प्राथमिकता दिएको छ। समस्याको समाधान अस्त्र बलले होइन, बुद्धि बलले नै खोजिनु पर्दछ। त्यसो नभए सामाजिक विद्वेष, धार्मिक विद्वेष र हिंसाजन्य विकृति बढ्छ। त्यसलाई दोहोरिन नपाउने बनाउनुपर्छ। सबै समस्याको निकास निष्ठाबाटै हुन्छ भन्ने कुरामा सबै बुद्धिजीवी, नागरिक समाज एकजुट हुनुपर्छ। राष्ट्र पूर्णत्व हो, जनता अंश हो भन्ने भाव हुनुपर्छ।

## निष्कर्ष

विश्वव्यापीकरणले अन्तरराष्ट्रिय तहमा स्वतन्त्र र सीमारहित आवागमन वा प्रवाह गरी यसले ती देश र मानिसहरूका बिचमा आर्थिक, सामाजिक, सास्कृतिक, प्राविधिक एवं मानवीय गतिविधिहरूको विस्तार एवं प्रभावको असमानतालाई बढाउने काम गरेको छ। पूर्व पश्चिम तथा उत्तर दक्षिणमा विभिन्न वस्तु तथा सेवाको व्यापार बढ्दै गयो। सूचना प्रविधि मेसिनरी आधुनिक साधनहरूको व्यापार पश्चिमबाट  पूर्वतिर हुन थाल्यो भने कच्चा पदार्थ कृषि उपज तयारी हाते सामानहरूको व्यापार पूर्वदेखि पश्चिमसम्म फैलियो। श्रम बजार खुला भएसँगै

दक्ष तथा अदक्ष जनशक्ति विश्वव्यापी भएर गयो । स-साना राष्ट्रहरूमध्ये एक जस्तै :- नेपाल प्राकृतिक एवम् पर्वतीय सम्पन्नता भए तापनि कमजोर क्षमताका कारण विश्व बजार व्यवस्थाबाट फाइदा लिन वञ्चित भएको छ । यसैगरी परनिर्भरतामा वृद्धि हुनु, गरिब र अविकसित देशका प्राकृतिक स्रोतको अत्यधिक दोहन भई जलवायु परिवर्तनका कारण प्राकृतिक क्षेत्रमा नकारात्मक प्रभाव, बढ्दो आर्थिक असमानता, सास्कृतिक अतिक्रमणका कारण मौलिक सँस्कृति लोप , स्वतन्त्र आर्थिक नीति सञ्चालनमा कठिनाइ, आतङ्कवादी गतिविधि, संगठित अपराध, मानव तथा चेलीबेटी बेचबिखन, लागुपदार्थको दुरुपयोग, विद्युतीय अपराध, कृत्रिम बौद्धिक जस्ता विद्यमान विसंगत विषयहरू विश्वव्यापीकरणबाट सिर्जित राष्ट्रिय सुरक्षाका चुनौतीहरू हुन् । श्रम शक्तिको कारण देशको GDP मा २३ प्रतिशतको हाराहारीमा Remittance भित्रिरहेको र यसले अर्थतन्त्रमा Life Line को काम पनि गरेको पाइन्छ । तर गन्तव्य देशमा श्रमिकहरूले आत्मसम्मान नपाउनु पनि विश्वव्यापीकरणले निम्तियाएको अर्को प्रमुख तथा गम्भीर चुनौती हो । हजार वर्ष अघि सुरक्षाको चुनौती बेग्लै थियो, पाँच सय वर्षअघि बेग्लै, सय वर्षअघि बेग्लै र वर्तमानमा बेग्लै । वर्तमान विश्व आणविक त्रासमा बाँचिरहेको छ । यो दोस्रो विश्वयुद्ध ताकाको समय छैन मैदानमा बन्दुक र संगीन लिएर लड्ने । यी चुनौतीहरूलाई निवारण गर्नका निम्ति असल श्रम सम्बन्ध स्थापना गर्ने, निर्यात प्रवर्द्धन गर्न कर सहुलियत लगायतको व्यवस्था गर्ने, श्रम सम्झौता गरी वैदेशिक रोजगारीमा राष्ट्रिय व्यवहार सुनिश्चित गर्ने, स्थानीयपनमा आधारित उद्योगधन्दाको संरक्षण र विकास गरी मौलिकतामा आधारित वस्तु तथा सेवा उत्पादन गर्ने जस्ता कदमले केही हदसम्म राहत महसुस हुन्छ । वर्तमान समयमा राजनीतिक एवम् कूटनीतिक क्षमतामा अभिवृद्धि गर्नु आवश्यक हुन्छ । राष्ट्रिय सुरक्षा नीति अबलम्बन गरी विश्वव्यापीकरणका यी समस्याहरूलाई समाधान गर्न सकिन्छ । दिनप्रतिदिन एउटा समस्या समाधान गऱ्यो अर्को समस्या आइपर्ने यस समयमा विश्वव्यापीकरणका नकारात्मक परिणाम कम गर्दै सकारात्मक परिणामबाट बढीभन्दा बढी फाइदा लिने नीति लिनु आवश्यक छ । बदँलिदो चुनौतीहरूलाई आत्मसात् गर्दै अघि बढ्नु नै वर्तमान समयको आवश्यकता हो । पृथ्वीनारायण शाहले नेपाललाई दुई ढुङ्गा बीचको तरुल भनेका छन् , अर्थात नेपाल अप्ठ्यारो ठाँउमा फलेको फर्सीझैं रहेको छ जसलाई ध्यान दिएर होस पुऱ्याएर टिप्नुपर्दछ । विश्वव्यापीकरण र भूमण्डलीकरणबाट फाइदा लिँदै हामीले आफ्ना मौलिक पहिचानको संरक्षण तथा अपार प्राकृतिक सम्पदाको दिगो उपयोग मार्फत समृद्ध नेपाल सुखी नेपालीको अभियान पूरा गरेर राष्ट्रियता र राष्ट्रिय एकतालाई मजबुत बनाउँदै विश्वमा आफ्नो पहिचान स्थापित गर्नेतर्फ अग्रसर हुनु पर्दछ । नेपालले शान्तिपूर्ण आग्रहद्धारा विगत तथा वर्तमानमा विभिन्न सुरक्षासम्बन्धी आन्तरिक एवम् बाह्य समन्वय नीति अघि सार्दै आएको छ । अन्तमा विश्वव्यापीकरणले निम्त्याएका सुरक्षा चुनौतीहरू तथा निराकरणका उपायहरू सम्बन्धी प्रस्तुत लेखले पाठकवर्ग समक्ष गोरेटोमार्गका रुपमा मात्र भएपनि आफूलाई प्रस्तुत गर्न सक्यो भने लेखक सन्तुष्ट रहनेछ ।

**सन्दर्भ सामाग्री**


अर्याल, डा.अच्युत, शरणार्थीविद् तथा विशेषज्ञ,*"कसरी आए रोहिंग्या शरणार्थी काठमाडौँसम्म?"अन्तर्वार्ता* ,२०१७-०९-१८ AP 1 TV तमसोमा ज्योतिर्गमय कार्यक्रम, रामसार मिडिया प्राईभेट लिमिटेड नामक युट्युब च्यानल , https://youtu.be/aBdQ6d8pXto.

अधिकारी, सुजन, (२०७६),*युनिटी जरनल* प्रथम संस्करण,नेपाली सेना, काठमाडौं ।

आचार्य,एम.आर.,( सन् २०१५) *Globalization and its Impact: Adjusting to the Global Interdependence, Business of Bureaucracy* (4th ed.). Kathmandu .

आचार्य, विष्णु प्रसाद, (२०७७) *युनिटी जरनल* दोस्रो संस्करण, नेपाली सेना, काठमाडौं ।

कर्ण, लक्ष्मणलाल, (२०६६) *नेपाली सुरक्षा क्षेत्र : एक सङ्ग्रह* . काठमाडौं ।

कुसुम, गोविन्दप्रसाद, (२०७७).*सुरक्षा अवधारणा, राष्ट्रिय सुरक्षा र नेपाली सेना . सुरक्षा,१:* १ ।

गिरी, प्रदिप, (सम्पा. २०६६). *विश्वेश्वरप्रसाद कोइराला राजनीतिक अभिलेख.* विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी, काठमाडौ ।

जि.सी., अमर बहादुर (२०७७) *स्रोत सञ्जीवनी* प्रथम संस्करण. प्रज्ञान प्रकाशन प्रा.लि.।

नेपाल सरकार (२०७२). *नेपालको संविधान.* काठमाडौं. संसदीय व्यवस्था समिति ।

नेपाल सरकार (२०७३).*राष्ट्रिय सुरक्षा नीति* .२०७३. काठमाडौं : नेपाल कानुन आयोग ।

नेपाल सरकार (२०७६).*पन्ध्रौं योजना* ,काठमाडौं : राष्ट्रिय योजना आयोग ।

पनेरु, सुशिल,(२०७७).*स्रोत सञ्जीवनी.* प्रथम संस्करण. प्रज्ञान प्रकाशन प्रा.लि.।

पाण्डेय, भूपेन्द,(२०७४). *राष्ट्रिय सुरक्षा व्यवस्थापन र चुनौतीहरू.* खरिबोट, अनलाईन पत्रिका, प्रकाशित मितिः २०७४/१२/२३ ।

पौडयाल, ईश्वरीप्रसाद (२०७७). *नेपालको राष्ट्रिय सुरक्षा प्रणालीलाई सुदृढ तुल्याउन राष्ट्रिय सुरक्षा नीतिको अपरिहार्यता* . सुरक्षा, १ ।

बस्नेत, ललित कुमार,(२०७५). *राष्ट्रिय सुरक्षा व्यवस्थापन र यसलाई प्रभावकारी बनाउने उपायहरू.* प्रशासन, मितिः २०७५/०५/०४ ।

ब्राउन, एल. आर,(सन् १९८६), *रिडीफाईनीङ नेसनल सेक्युरिटी* . च्यालेन्ज. भोलुम २९, नं.३, JSTOR. www.jstor.org/stable/40721024.

मैनाली, श्यामप्रसाद, पौड्याल, मुकुन्दप्रसाद, (२०७१) . *विकासका समसामयिक आयामहरू* . दोस्रो संस्करण, श्रीमती विमला मैनाली ।

यादव, लालबाबु,(२०७७). National Security Challenges for Nepal in the 21th Century . सुरक्षा,१ः १ ।

रेग्मी, बिजित राज,(२०७६). *सिपाही वार्षिक २०७६.* अङ्क ५५. जनसम्पर्क तथा सूचना निर्देशनालय जङ्गी अड्डा. काठमाडौं ।

रेग्मी, विष्णुहरि,(२०७७). *स्रोत सञ्जीवनी.* प्रथम संस्करण. प्रज्ञान प्रकाशन प्रा.लि.।

शिवाकोटी, प्रा.डा. गोपाल, (२०७४). *कूटनीतिशास्त्र.* प्रथम संस्करण. पैरवी प्रकाशन ।

सिलवाल,केशव,(२०७५). *म्याकडोनल्डकरणकिविश्वव्यापीकरण.TheAnnapurnaPost.* http://annapurnapost.com/news/100676

Baral, B,(2017). Security Challenges of Small States. *Journal of Political Science,17.*

Prabhakaran, P. (2008). National Security: Imperatives and Challenges. Tata McGraw-Hill.

Shrestha,B. (2079). *अमेरिकाले शीतयुद्धमा यसरी प्रयोग गरियो जासुसी परेवा* [Video]. All History. YouTube. https://youtu.be/nCuvECTlL8g .